# भौतिक व्यवस्थापनले विद्यार्थीको सिकाई उपलब्धिमा पारेको प्रभाव

शिक्षाशास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) द्वितीय
बर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आंशिक
आवश्यकता परिपूर्तिको लागि प्रस्तुत

शोधपत्र

**शोधार्थी**

प्रेम बहादुर कटुवाल

रोल नं. : १९०

रजिष्ट्रेशन नं. : ६-१-२-५१५-९६

परीक्षा रोल नं. २१४००३९

शैक्षिक वर्ष : २०६४/०६५

सुकुना बहुमुखी क्याम्पस,

पठ्यक्रम तथा मूल्याङ्कन विभाग

इन्द्रपुर, मोरङ

चैत्र, २०६८

**त्रिभुवन विश्वविद्यालय**
**सुकुना बहुमुखी क्याम्पस**
**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**
**इन्द्रपुर, मोरङ्ग**

## सिफारिस पत्र

श्री प्रेम बहादुर कटुवालले झापा जिल्लाको पृथ्वीनगर गा.वि.स. मा संचालित सामुदायिक विद्यालयहरुमा **"भौतिक व्यवस्थापनले विद्यार्थीहरुको सिकाई उपलब्धिमा पारेको प्रभाव"** शीर्षकको शिक्षाशास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आंशिक आवश्यकता परिपूर्तिको लागि तयार पारिएको शोधपत्र मेरो निर्देशनमा पुरा गर्नुभएको हो । यस शोधपत्रको अध्ययन, निष्कर्ष र प्रस्तुतीकरणबाट म सन्तुष्ट रहेको छु । अतः यो शोधपत्र मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मिति : २०६८/११/१६

....................................

**भोजराज घिमिरे**

**शोध निर्देशक**

# त्रिभुवन विश्वविद्यालय
# सुकुना बहुमुखी क्याम्पस
# पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
# इन्द्रपुर, मोरङ्ग

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ्गमा पाठ्यक्रम तथा मूल्याङ्कन विषय लिई शिक्षाशास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तहमा अध्ययन गर्ने छात्र श्री प्रेम बहादुर कटुवालले पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आंशिक आवश्यकता परिपूर्तिको लागि झापा जिल्ला पृथ्वीनगर गा.वि.स.मा संचालित सामुदायिक विद्यालयहरुमा **"भौतिक व्यवस्थापनले विद्यार्थीहरुको सिकाई उपलब्धिमा पारेको प्रभाव"** शीर्षकको शोधपत्र तयार गरी स्वीकृतिका लागि यस मूल्याङ्कन समिति समक्ष प्रस्तुत गर्नुभएकोले यो शोधपत्रलाई यस मूल्याङ्कन समितिबाट स्वीकृति गरियो ।

शोध मूल्याङ्कन समिति

| **क्र.सं.** | **नाम** | **पद** | **सही** |
|---|---|---|---|
| १ | लक्ष्मीकुमार श्रेष्ठ | विभागिय प्रमुख | |
| २ | भोजराज घिमिरे | निर्देशक | |
| ३ | किरणराम रन्जितकार | वाह्य परीक्षक | |

मिति : २०६८/१२/१९

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आंशिक आवश्यकता परिपूर्तिको लागि पृथ्वीनगर गा.वि.स.मा संचालित सामुदायिक विद्यालयहरुको **"भौतिक व्यवस्थापनले विद्यार्थीको सिकाई उपलब्धिमा पारेको प्रभाव"** शीर्षकमा यो शोधपत्र प्रस्तुत गरेको छु ।

राष्ट्र निर्माणको मुख्य थलो वास्तवमा विद्यालय नै हो । राष्ट्र निर्माणको विभिन्न क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्तिको उत्पादन केन्द्र नै विद्यालय हो । यस्ता दक्ष जनशक्ति उत्पादनकर्ता केवल दक्ष, अनुभवी, कर्तव्यनिष्ठ र क्रियाशील शिक्षकहरु मात्र हुन् । प्रत्येक विद्यालयहरुमा शिक्षकहरु तालिम प्राप्त, अनुभवी तथा परिपक्व भएर पनि विद्यार्थी सिकाई उपलब्धिमा गुणत्मकता आउन सकेको देखिदैन । यसको मूल जड विद्यालयको शैक्षिक व्यवस्थापन नै रहेको छ । शैक्षिक व्यवस्थापन अन्तर्गत भौतिक व्यवस्थापन पनि एउटा महत्वपूर्ण पक्ष हो । भौतिक व्यवस्थापनले विद्यार्थीहरुको सिकाइ उपलब्धिमा मनोवैज्ञानिक ढंगबाट पारेको प्रभावलाई हेर्दा विद्यालयहरुको भौतिक व्यवस्थापन उचित प्रकारले गरेको अवस्थामा सिकाइ उपलब्धि गुणस्तरीय हुने गरेको पाइएको छ । प्रस्तुत शीर्षकमा शोधपत्र पूरा गर्ने क्रममा यस पृथ्वीनगर गा.वि.स.का विद्यालयहरुको भौतिक अवस्था, व्यवस्थापन, विद्यार्थीहरुको सिकाई उपलब्धि आदिलाई समावेश गरी तयार पारिएको छ । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा व्यवस्थापन तर्फ सहयोग पुऱ्याउनुहुने सुकुना बहूमुखी क्याम्पसका क्याम्पस प्रमूख, विभागीय प्रमूख लगायत प्राध्यापक श्री भोजराज घिमिरे प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधपत्र तयार गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याउने पृथ्वीनगर गा.वि.स.का विद्यालयहरुका प्र.अ. ज्यूहरु, शिक्षकहरु, अभिभावक, विद्यार्थीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

मलाई स्नातकोत्तर तह सम्मको अध्ययन गर्ने क्रममा प्रेरणा दिइ व्यवहारिक व्यवस्थापनको जिम्मेवारी बहन गरी सहयोग गर्ने मेरी जीवनसँगीनी राजकुमारी, छोरा सुरज र छोरीहरु स्वेता र स्वेस्था लगायत परिवारका अन्य सदस्यहरुप्रति पनि धन्यवाद ज्ञापन गर्दछु । साथै मलाई अध्ययनमा प्रेरणा दिनुहुने मित्रहरु श्री तिलक सिं पाण्डे, श्री राम कँडेल लगायत शिक्षक साथीहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै कम्प्यूटर प्रविधिमा सहयोग गर्नुहुने डिस्टार कम्प्यूटरका श्री रवि कोईरालालाई पनि धन्यवाद दिन चाहन्छु ।

प्रेम बहादुर कटुवाल

## शोधसार

प्रस्तुत **"भौतिक व्यवस्थापनले विद्यार्थीको सिकाई उपलब्धिमा पारेको प्रभाव"** शीर्षकको यस शोधपत्रमा अध्ययन क्षेत्रका सामुदायिक विद्यालयहरुमा भौतिक व्यवस्थापनले विद्यार्थीहरुको सिकाई उपलब्धिमा पारेको प्रभावलाई विश्लेषण गर्ने मुख्य उद्देश्य राखी तयार पारिएको छ ।

यस शोध पत्रलाई झापा जिल्लाको पृथ्वीनगर गा.वि.स. भित्र रहेका सामुदायिक विद्यालयहरुमा सीमित गर्दै उद्देश्उमुलक नमुना छनौट विधिद्वारा संकलित सूचनाहरुको आधारमा व्याख्यात्मक र परिमाणात्मक रुपको अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । तथ्याङ्क संकलनकोलागि प्राथमिक तथ्याङ्क संकलनमा प्रश्नोत्तर, अन्तरवार्ता, समुह छलफल तथा क्षेत्र अवलोकन विधिहरुको प्रयोग गरिएको छ भने द्वितीय तथ्याङ्क संकलनमा विद्यालयको शैक्षिक अभिलेख श्रोतकेन्द्र स्तरीय शैक्षिक अभिलेख, विभिन्न लेख, रचना तथा शोधपत्रहरुलाई प्रयोग गरिएको छ ।

अध्ययन क्षेत्रमा संलग्न विद्यालयहरुको भौतिक व्यवस्थापनको लागि आवश्यक भौतिक संरचना र भौतिक वस्तुहरुको विवरणात्मक अध्ययन गर्दा सबै विद्यालयहरुमा एकरुपता रहेको देखिएन । तुलनात्मक रुपमा मा.वि. र नि.मा.वि. भन्दा प्रा.वि.हरुमा भौतिक संरचना नै न्यून रहेको पाइयो । मा.वि.हरुमा भने भौतिक संरचना र वस्तुहरुको विवरणात्मक अवस्था बढी रहेको पाइयो । जसको आधारमा भौतिक व्यवस्थापन पक्ष मा.वि.मा राम्रो र नि.मा.वि. र प्रा.वि.मा मध्यम तथा निम्न स्तरको रहेको पाइयो । शैक्षिक वातावरण निर्माणकालागि आवश्यक ठानिएका पक्षहरु जस्तै कक्षाकोठा, शौचालय, विद्युत, कार्यालय कक्ष, खानेपानी, फर्निचर जस्ता पक्षहरु समेत पर्याप्त मात्रमा नरहेकोले प्रा.वि. तथा केही मा.वि.हरुमा भौतिक व्यवस्थापनमा कठिनाइ रहेको पाइयो । यस क्षेत्रमा रहेका प्रा.वि.हरुको भौतिक व्यवस्थापन कमजोर देखिनुको साथसाथै ती विद्यालयका विदार्थीहरुको शैक्षिक स्तर, विद्यालयमा उपस्थिति, अतिरिक्त क्रियाकलाप संचालन र सहभागिता, विद्यार्थी संख्या आदि पनि न्यून रहेको छ । यसैगरी थोरै मात्रामा भौतिक व्यवस्थापन राम्रो हुन पुगेका नि.मा.वि. तथा केही मा.वि. हरुको शैक्षिक गतिविधि, विद्यार्थी सिकाई उपलब्धि, विद्यालयमा विद्यार्थी उपस्थिति आदि मध्यम खालको रहेको छ । अन्तत : जुन विद्यालयको भौतिक व्यवस्थापन तुलनात्मक रुपमा अरुको भन्दा राम्रो देखिएको छ ती विद्यालयहरुको शैक्षिक क्रियाकलाप, विद्यार्थी उपस्थिति, शैक्षिक स्तर लगायत सर्वाङ्गीण पक्षमा सकारात्मक प्रभाव परेको छ ।

यस शोधअध्ययन कार्य पुरा गर्ने क्रममा अध्ययन क्षेत्रमा विभिन्न खाले समस्याहरु देखिएका छन् । विद्यार्थीहरुको सिकाई उपलब्धिलाई प्रत्यक्ष प्रभाव पार्ने भौतिक पक्षको व्यवस्थापन पक्षमा देखिएको समस्या समाधानार्थ सम्बन्धित सबै पक्षको ध्यानाकर्षण हुनुपर्ने देखिएको छ । यसको साथै विद्यालयको भौतिक पक्षको व्यवस्थापनका लागि सर्वप्रथम केन्द्रीय तहबाट नै नीतिगत रुपमा कार्यक्रमहरु आउनुपर्ने देखिन्छ । केन्द्रीय तहबाट नै विद्यालयको भौतिक पक्षहरु व्यवस्थापनकालागि बजेट विनियोजन तथा व्यवस्थापकीय तालिमको व्यवस्था गरी त्यसको कार्यान्वयनमा सक्रिय भएर जानुपर्ने देखिन्छ । विद्यालयको भौतिक व्यवस्थापन र सिकाई उपलब्धि वीचको सम्बन्धलाई विद्यालय नेतृत्वकर्ता समक्ष प्रस्ट्याउनुपर्ने देखिन्छ । हरेक विद्यालयले आफ्ना अभिभावक तथा सरोकारवालाहरुलाई भेला गराई विद्यालयको भौतिक संरचना, अवस्था तथा व्यवस्थापनका लागि आवश्यक कुराहरुका साथै त्यसमा उनीहरुको भूमिकालाई प्रष्ट्याउनुपर्ने देखिएको छ ।

## विषयसूची


| | | |
|---|---|---|
| सिफारिस पत्र | | i |
| स्विकृति पत्र | | ii |
| कृतज्ञता ज्ञापन | | iii |
| शोधसार | | iv |
| तालिका सूची | | viii |
| चित्र सूची | | ix |
| **क.सं.** | **विषयवस्तु** | **पेज नं.** |
| | **परिच्छेद एक : परिचय** | **१-९** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ५ |
| १.३ | अध्ययनको औचित्य | ७ |
| १.४ | अध्ययनको उद्देश्यहरु | ८ |
| १.५ | अनुसन्धानात्मक प्रश्न | ८ |
| १.६ | अध्ययनको परिसीमा | ८ |
| | **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन** | **१०-१२** |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | १० |
| | **परिच्छेद तीन : अनुसन्धान विधि** | **१३-१६** |
| ३.१ | अनुसन्धान ढाँचा | १३ |
| ३.२ | जनसंख्या | १३ |
| ३.३ | नमूना छनौटको प्रकृया र आकार | १३ |
| ३.४ | नमूना छनौटको आधार | १४ |
| ३.५ | अध्ययनको साधन | १४ |
| ३.६ | साधनको वैधता | १५ |
| ३.७ | तथ्याङ्कको श्रोत | १५ |
| ३.८ | तथ्याङ्क संकलन प्रक्रिया | १६ |
| ३.९ | तथ्याङ्क विश्लेषण प्रक्रिया | १६ |
| | **परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण** | **१७-४१** |
| ४.१ | भौतिक व्यवस्थापनको अवस्था | १७ |
| ४.१.१ | भौतिक विवरणको अवस्था | २१ |
| ४.१.२ | कक्षाकोठाको अवस्था | २१ |
| ४.१.३ | कार्यालय कक्षको अवस्था | २२ |
| ४.१.४ | खेल मैदानको अवस्था | २३ |
| ४.१.५ | शैक्षिक सामग्रीको अवस्था | २४ |
| ४.१.६ | पिउने पानीको अवस्था | २५ |

| | | |
|---|---|---|
| ४.१.७ | शौचालयको अवस्था | २६ |
| ४.१.८ | फर्निचरको अवस्था | २७ |
| ४.२ | भौतिक व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव | २८ |
| ४.२.१ | विद्यार्थी भर्नादरको अवस्था | २९ |
| ४.२.२ | विद्यार्थीहरुको शैक्षिक उपलब्धि नतिजाको अवस्था | ३० |
| ४.२.३ | विद्यार्थी सिकाइ उपलब्धिको तुलनात्मक अवस्था | ३१ |
| ४.२.४ | विद्यालयमा विद्यार्थी उपस्थितिको अवस्था | ३३ |
| ४.२.५ | विद्यालयमा अतिरिक्त क्रियाकलापको अवस्था | ३३ |
| ४.२.६ | कक्षा शिक्षणको अवस्था | ३५ |
| ४.२.७ | भौतिक व्यवस्थापन प्रति अभिभावकहरुको धारणा | ३७ |
| ४.३ | भौतिक व्यवस्थापनका समस्याहरु र समाधानका उपायहरु | ३९ |
| ४.३.१ | भौतिक व्यवस्थापनका समस्याहरु | ३९ |
| ४.३.२ | भौतिक व्यवस्थापनका समस्या समाधानका उपायहरु | ४० |
| | **परिच्छेद पाँच : प्राप्ती, निष्कर्ष र सुझावहरु** | **४२-४४** |
| ५.१ | प्राप्ती | ४२ |
| ५.२ | निष्कर्ष | ४३ |
| ५.३ | सुझावहरु | ४४ |

**सन्दर्भग्रन्थ**

**अनुसूचीहरु**

# तालिका सूची


| तालिका | शीर्षक | पेज नं. |
|---|---|---|
| ४.१ | भौतिक व्यवस्थापनको अवस्था | २० |
| ४.१.१ | भौतिक विवरणको अवस्था | २१ |
| ४.१.२ | कक्षाकोठाको अवस्था | २२ |
| ४.१.३ | कार्यालय कक्षको अवस्था | २३ |
| ४.१.४ | खेल मैदानको अवस्था | २४ |
| ४.१.५ | शैक्षिक सामग्रीको अवस्था | २५ |
| ४.१.६ | पिउने पानीको अवस्था | २६ |
| ४.१.७ | शौचालयको अवस्था | २७ |
| ४.१.८ | फर्निचरको अवस्था | २८ |
| ४.२.१ | विद्यार्थी भर्नादरको अवस्था | २९ |
| ४.२.२ | विद्यार्थीहरुको शैक्षिक उपलब्धि नतिजाको अवस्था | ३० |
| ४.२.३ | विद्यार्थी उत्तीर्ण संख्या र गणित विषयको उच्चतम प्राप्ताङ्क विवरण | ३२ |
| ४.२.४ | विद्यालयमा विद्यार्थी उपस्थितिको अवस्था | ३३ |
| ४.२.५ | अतिरिक्त क्रियाकलाप विवरण तालिका | ३४ |
| ४.२.६ (क) | भौतिक व्यवस्थापनले कक्षा शिक्षणमा पारेको प्रभाव | ३६ |
| ४.२.६ (ख) | भौतिक व्यवस्थापनले कक्षा शिक्षणमा पारेको प्रभाव | ३७ |
| ४.२.७ | भौतिक व्यवस्थापन प्रति अभिभावकको धारणा | ३८ |

# चित्रसूची

## (अ) स्तम्भ चित्र


| चित्र | शीर्षक | पेज नं. |
|---|---|---|
| ४.२.२ | विद्यार्थी उत्तीर्ण विवरण | ३१ |
| ४.२.३ | गणित विषयको उच्चतम प्राप्ताङ्क विवरण | ३२ |
| ४.२.५ | अतिरिक्त क्रियाकलाप संचालन विवरण | ३५ |


## (आ) वृत्तचित्र


| चित्र | शीर्षक | पेज नं. |
|---|---|---|
| ४.२.६ (क) | भौतिक व्यवस्थापनले कक्षा शिक्षणमा पारेको प्रभाव | ३६ |
| ४.२.६ (ख) | भौतिक व्यवस्थापनले कक्षा शिक्षणमा पारेको प्रभाव | ३७ |